SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM

Sancharika Samuha

FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS

Promoting Communication for Equality

११ चैत्र, २०७२

## प्रेस विज्ञप्ति : सञ्चार अनुगमन

सञ्चारिका समूह नेपालले एक महिना (१- ३० फागुन ०७२) मा १५ वटा राष्ट्रिय दैनिकमा गरेको सञ्चार अनुगमनले १५ जना किशोरी तथा महिलाको हत्या भएको देखाएको छ। अनुगमन अवधिमा हत्यासम्बन्धी ५२ वटा समाचार सामग्री प्रकाशित भएका थिए।

अनुगमनमा खेलकुद र मनोरञ्जनसम्बन्धी समाचारबाहेक दैनिक पत्रिकाका समाचार, विचार तथा सम्पादकीय सामग्री समेटिएको थियो। यसमा राजधानीबाट प्रकाशित कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स्, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, सौर्य दैनिक, नेपाली दैनिक तथा द काठमाण्डु पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स, र द राइजिङ नेपाल अंग्रेजी दैनिकहरूसमेटिएका थिए।

महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई १३ वटा शीर्षकमा अनुगमन गरिएको थियो, जसमा बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य थिए।

फागुन महिनामा बलात्काराका १२ वटा घटना भएका थिए र बलात्कारसम्बन्धी ४४ वटा समाचार सामग्री प्रकाशित भएका थिए। यौन दुर्व्यवहारको ६ वटा घटना भएका थिए र २१ वटा समाचार सामग्री प्रकाशित भएका थिए। स्वास्थ्य अधिकार हनन्का २ वटा घटना थिए र ५८ वटा समाचार सामग्री प्रकाशित भएका थिए। आर्थिक अधिकारसँग सम्बन्धित ९० वटा समाचार, विचार तथा सम्पादकीय छापिएका थिए। यस अवधिमा मानव बेचबिखनसम्बन्धी २६ र राजनितिक अधिकार हननसम्बन्धी ८० समाचार, विचार तथा सम्पादकीय छापिएको देखिन्छ। त्यस्तै परम्परागत र धार्मिक हिंसासम्बन्धी एउटा घटना भएको थियो र ४४ वटा समाचार सामग्री प्रकाशित भएका थिए। बोक्सी आरोपका एउटा घटना र ७ वटा समाचार सामग्री प्रकाशित भएका थिए। घरेलु हिंसासम्बन्धी ३ वटा घटना र १६ वटा समाचार सामग्री प्रकाशित भएका थिए। त्यस्तै बहुविवाहसम्बन्धी ६ वटा समाचार सामग्री प्रकाशित भएका थिए र दाईजोसम्बन्धी २ वटा समाचार प्रकाशित भएका थिए। यसै गरी अन्यमा एउटा घटना र १७३ वटा समाचार सामग्री प्रकाशित थिए।

महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका थिए। पहिलो पृष्ठमा जम्मा ३८ वटा समाचार छापिएका थिए। पृष्ठ २ मा जम्मा ९६ समाचार छापिएका थिए। पाचौं पृष्ठमा ९७ वटा समाचार छापिएका थिए। महिला हिंसासम्बन्धी समाचारको स्थान सन्तोषजनक थियो। अनुगमनले महिलामाथि हिंसा गर्नेमा परिवारका सदस्य (२९), छिमेकी (३), राज्य (१), पीडक उल्लेख नभएका (३) र अन्य (२८) भएको देखाएको छ। सो अवधिमा महिला हिंसासम्बन्धी सम्पादकीय ५, फोटो समाचार १६, लेख १०२, सफ्ट न्यूज ६७ तथा हार्ड न्यूज ४२९ प्रकाशित थिए। प्रकाशित समाचारमध्ये हार्ड न्यूज ९१, सफ्ट न्यूज ४७ र ३७ वटा लेखमा मात्र फोटो/स्केच प्रयोग गरिएको थियो।

सञ्चारमाध्यमले फागुन महिनामा महिला हिंसासम्बन्धी समाचारलाई राम्रो स्थान दिएका देखिन्छ। यस पटक हत्याका २ वटा र यौन दुर्व्यवहारको २ वटा 'फलोअप' समाचार प्रकाशित भएका थिए। 'हार्ड न्यूज' मा फोटोको प्रयोग (९१) पाइएको छ। समाचार सामाग्रीमा पीडित वा पीडक कसको तस्बिर राख्ने भन्नेमा यस अघि झैं सम्पादकीय दृष्टिकोणको अभाव नै देखिन्छ। यस महिना पीडितका ३७ वटा तस्बिर छापिएका थिए भने पीडकका ५ वटा तस्बिर छापिएको देखिन्छ।

सञ्चारिका समूहले सञ्चारमाध्यममा महिला हिंसाका समाचार कति आएका छन् ? ती समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् ? हिंसाका समाचारमा 'फलोअप' समाचार आएका छन् कि छैनन् ? समाजमा के कस्ता लैंगिक हिंसा भइरहेका छन् र ती सम्बन्धमा कस्ता समाचार सामग्री आइरहेका छन् भनेर सञ्चार अनुगमन गर्दैआएको छ।

बिमला तुम्खेवा,
सचिव,
सञ्चारिका समूह।

P.O. Box 13293, Kathmandu, Nepal Phone: 977-1-5530192, 5551182, Fax: 977-1-5551182 Email: sancharika@wlink.com.np
Website: www.sancharika.org